**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : १६ मिति : २०७८/०७/३०

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :-** २०७८/०७/३०

## जनयुद्ध र जनआन्दोलनका घाइते तथा शहिद परिवारलाई निर्वाह भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८

### पृष्ठभूमी

नेपालमा चलेको १० वर्षे जनयुद्ध र जनआन्दोलनको क्रममा घाइते तथा शहिद भएका यस चौरजहारी नगरपालिकाका नागरिकलाई निर्वाह भत्ता उपलब्ध गराउन तथा सो कार्यमा पारदर्शिता ल्याउन बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम "जनयूद्ध र जनआन्दोलनका घाइते तथा शहिद परिवारलाई निर्वाह भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ रहेको छ ।

ख. यो कार्यविधि चौरजहारी नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "नगरपालिका" भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनुपर्दछ ।

चौरजहारी नगरपालिका

ख. "प्रमुख" भन्नाले चौरजहारी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

ग. "उपप्रमुख" भन्नाले चौरजहारी नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

घ. " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

ङ. "जनयूद्ध र जनआन्दोलन" भन्नाले वि.स. २०५२ देखि २०६३ सम्म नेपालमा चलेको सशस्त्र संघर्ष र जनआन्दोलनलाई सम्झनुपर्दछ ।

च. "शहिद" भन्नाले वि.स. २०५२ देखि २०६३ सम्म नेपालमा चलेको सशस्त्र संघर्ष र जनआन्दोलनमा ज्यान गुमाएका व्यक्तिलाई सम्झनुपर्दछ ।

छ. "घाइते तथा अपाङ्ग" भन्नाले वि.स. २०५२ देखि २०६३ सम्म नेपालमा चलेको सशस्त्र संघर्ष र जनआन्दोलनका क्रममा घाइते तथा अगंभङ्ग हुन पुगेका र नेपाल सरकारबाट परिचयपत्र वा अन्य प्रमाणपत्र भएका चौरजहारी नगरपालिकाभित्रका नेपाली नागरिक सम्झनुपर्दछ ।

ज. "निर्वाह भत्ता" भन्नाले यसै कार्यविधिको दफा ४ बमोजिम उपलब्ध गराइने भत्ता सम्झनु पर्दछ ।

झ. "परिचयपत्र वा अन्य प्रमाण" भन्नाले वि.स. २०५२ देखि २०६३ सम्म नेपालमा चलेको जनयूद्ध र जनआन्दोलनमा घाइते तथा शहिद प्रमाणित हुने गरी नेपाल सरकारबाट जारी भएको परिचयपत्र वा अन्य प्रमाण सम्झनुपर्दछ ।

**३. उद्देश्य :** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ ।

क. देश र जनताको लागि जनयूद्ध र जनआन्दोलनको क्रममा अतुलनिय योगदान पुर्याउने घाइते तथा शहिद परिवारको सम्मान गर्ने ।

ख. जनयूद्ध र जनआन्दोलनको क्रममा भएका शहीद तथा घाईतेहरुको कष्टकर जिवनको निर्वाहको लागि राहत उपलब्ध गराई स्थानीय सरकारको महशुस गराउने ।

**४. निर्वाह भत्ता :** जनयूद्ध, जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहिद परिवारलाई मासिक रुपमा १०००। (एक हजार) का दरले निर्वाह भत्ता उपलब्ध गराइनेछ ।उक्त निर्वाह भत्ता लाभग्राहीको बैंक खातामा चौमासिक रुपमा जम्मा गरिनेछ ।

**५. निर्वाह भत्ता उपलब्ध गराउन सकिने आधारहरु :** (१) जनयूद्ध, जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहिद परिवारलाई देहायबमोजिम निर्वाह भत्ता उपलब्ध गराउन सकिनेछ ।

क. वि.स. २०५२ देखि २०६३ सम्म नेपालमा चलेको जनयूद्ध र जनआन्दोलनका क्रममा शहिद भएका शहिद परिवारका सदस्य भएको ।

ख. वि.स. २०५२ देखि २०६३ सम्म नेपालमा चलेको जनयूद्ध र जनआन्दोलनका क्रममा घाइते तथा अगंभङ्ग भएका चौरजहारीवासी नेपाली नागरिक भएको ।

ग. नेपाल सरकारबाट जारी प्रमाणपत्र वा अन्य कुनै किसिमको प्रमाणित कागजात ।

चौरजहारी नगरपालिका

घ. घाइते वा अपाङ्गको हकमा आमा वा वुवा वा श्रीमती वा छोराछोरी ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएता पनि नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको हकमा निजलाई निर्वाह भत्ता उपलब्ध गराउन चौरजहारी नगरपालिका बाध्य हुने छैन ।

**६. आवश्यक कागजातहरु :**

क. निर्वाह भत्ता माग गरेको निवेदन

ख. वि.स. २०५२ देखि २०६३ सम्म नेपालमा चलेको जनयूद्ध र जनआन्दोलनका क्रममा शहिद, घाइते तथा अगंभङ्ग भएका प्रमाणित प्रतिलिपी

ग. शहिद परिवारको हकमा निर्वाह भत्ता दावी गर्ने परिवारको सदस्यको नागरिकताको प्रतिलिपी ।

घ. नाता प्रमाणित कागजात ।

ङ. वडा कार्यालयको सिफारिस ।

**७. प्रतिवेदन तथा अभिलेख :** (१) शहिद वा घाइते अपाङ्गको विवरण सम्बन्धीत शाखाले मासिक रुपमा अध्यावधिक गरी नगरपालिका समक्ष भुक्तानीको लागि प्रतिवेदन गर्नुपर्नेछ ।

(२) शहिद तथा घाइते अपाङ्गको छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ ।

**८. निर्वाह भत्ता कार्यक्रम निर्देशक समिति :** जनयूद्ध र जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहिद परिवारलाई जिवन निर्वाहको लागि निर्वाह भत्ता उपलब्ध गराउने कार्यक्रम प्रयोजनका लागि देहाय बमोजिमको एक निर्वाह भत्ता कार्यक्रम निर्देशक समिति हुनेछ ।

क. नगर प्रमुख - संयोजक

ख. नगर उपप्रमुख – सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. सवै वडाका वडा अध्यक्ष - सदस्य

ङ. नगरपालिका स्थित सरकारी संस्था वा गैर सरकारी संस्थाबाट मनोनित एकजना - सदस्य

च. महिला, बालबालिका उप शाखा प्रमुख - सदस्य

छ. आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

ज. आर्थिक विकास शाखा प्रमुख – सदस्य सचिव

**८.१ निर्वाह भत्ता कार्यक्रम निर्देशक समितिको काम कर्तव्य र अधिकार**

क. निर्वाह भत्ता कार्यक्रम निर्देशक समितिले यस कार्यविधिअनुसार तोकेको मापदण्ड पुरा गरी आवेदन पेश भएका नामावलीहरुको रुजु गरी स्वीकृत गर्ने ।

ख. जनयूद्ध र जनआन्दोलनका घाइते अपाङ्ग तथा शहिद परिवारलाई दिइने निर्वाह भत्ता कार्यक्रमको मापदण्ड, निर्वाह भत्ता रकम तथा कार्यविधि संसोधनका लागि प्रस्ताव तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने ।

चौरजहारी नगरपालिका

**९. जनयूद्ध र जनआन्दोलनका घाइते अपाङ्ग तथा शहिद परिवारलाई दिइने निर्वाह भत्ता कार्यक्रम संचालन प्रक्रिया** : जनयूद्ध र जनआन्दोलनका घाइते अपाङ्ग तथा शहिद परिवारलाई दिइने निर्वाह भत्ता कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क. **सूचना प्रवाह** : नगरपालिकाले जनयूद्ध र जनआन्दोलनका घाइते अपाङ्ग तथा शहिद परिवारलाई दिइने निर्वाह भत्ता कार्यक्रममा सहभागी हुनको लागि हरेक आर्थिक वर्षको श्रावण/ भाद्र महिनामा अनुसूची १ बमोजिम सूचना प्रवाह गर्नुपर्नेछ ।

ख. **निवेदन संकलन** : जनयूद्ध र जनआन्दोलनका घाइते अपाङ्ग तथा शहिद परिवारलाई दिइने निर्वाह भत्ता कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक घाइते अपाङ्ग तथा शहिद परिवारले सूचनामा उल्लेख भएको विवरण तथा आवश्यक सम्पुर्ण कागजात सहित नगरपालिकामा आवेदन पेश गर्नु पर्नेछ ।

ग. **छनौट प्रक्रिया** : जनयूद्ध र जनआन्दोलनका घाइते अपाङ्ग तथा शहिद परिवारलाई दिइने निर्वाह भत्ता कार्यक्रमको लागि आवेदक छनौट प्रक्रिया अघि बढाउँदा रित पुर्वक आवश्यक कागजात सहित पेश हुन आएका आवेदनहरु मध्ये दफा ५ बमोजिमका न्यूनतम मापदण्ड पुरा गरेको आधारमा कार्यक्रम निर्देशक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१०. कार्वाही व्यवस्था** : यदि कुनै पनि व्यक्तिले झुठा विवरण पेश गरी तोकेको मापदण्ड विपरित निर्वाह भत्ता प्राप्त गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम निर्वाह भत्ता वापत प्राप्त गरेको रकम असुलउपर गरिनेछ ।

**११. प्रचलित कानून लागू हुने** : जनयूद्ध र जनआन्दोलनका घाइते अपाङ्ग तथा शहिद परिवारलाई दिइने निर्वाह भत्ता कार्यक्रम कार्यान्वयनको सन्दर्भमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

**१२. कार्यविधि संसोधन तथा परिमार्जन** : चौरजहारी नगरपालिका नगर कार्यपालिकाले जनयूद्ध र जनआन्दोलनका घाइते अपाङ्ग तथा शहिद परिवारलाई दिइने निर्वाह भत्ता कार्यक्रमको निर्देशक समितिको सिफारिसमा यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संसोधन गर्न सक्नेछ ।

**१३. खारेजी तथा बचाउ** : यस भन्दा अघि बनेका यस सम्बन्धीका कार्यविधि भए खारेज गरिएको छ र बाँकी भए गरेका काम कार्वाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

चौरजहारी नगरपालिका

## अनुसूची १ - सूचना प्रकाशन

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति :- ....................)

यस चौरजहारी नगरपालिकाको चालु आ.व. ............ को वार्षिक स्वीकृत कार्यक्रमबमोजिम जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहिद परिवारलाई निर्वाह भत्ता उपलब्ध गराउने कार्यक्रममा सहभागी हुन इच्छुक जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) वा यस नगरपालिकामा अभिलेखिकरण भई प्रमाणपत्र लिएका यस चौरजहारी नगरपालिका भित्रका सवै वडाका जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहिद परिवारलाई सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति ............................. गते) भित्र तपसिल बमोजिमका कागजात सहित यस चौरजहारी नगरपालिका आर्थिक विकास शाखामा आवेदन पेश गर्नहुन अनुरोध छ ।

तपसिल :-

१. भत्ता मागको निवेदन ।
२. नाता प्रमाणित सिफारिस ।
३. जिल्ला प्रशासन कार्यालय वा चौरजहारी नगरपालिकाबाट जारी जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहिद परिवार भएको खुल्ने कागजातको प्रतिलिपी ।
४. वडा कार्यालयको सिफारीस ।

.................................
(प्रमुख प्रशासकीय अधिकृत)

चौरजहारी नगरपालिका

**आज्ञाले,**

नाम : गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका